परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १६६ पृष्ठ ४ २०८० मंसिर २१ गते, बिहिबार 7 Dec., 2023 मूल्य रु. ५/-


समाचार पृष्ठ ४ मा

क्यान्सर पीडित हजरा खातुनलाई उपचारमा सहयोग गर्न आग्रह

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## आरती साह मृत्यु प्रकरण :
# मोतीबाबु साहलाई थुनामा पठाउन आदेश



● टक नेपाल

काठमाडौं । सर्वोच्च अदालतले आरती साह मृत्यु प्रकरणमा आरतीका श्रीमान् मोतीबाबु साहलाई थुनामा पठाउन आदेश दिएको छ । न्यायाधीश नहकुल सुवेदी र तिलप्रसाद श्रेष्ठको इजलासले बुधबार साहलाई थुनामा पठाउने आदेश दिएको हो । आरती गत जेठ ७ गते आफ्नै घर जनकपुरधाम उपमहानगर पालिका-९ थापाचोकमा मृत अवस्थामा फेला परेकी थिइन् । आरतीको हत्या भएको भन्दै माइती पक्षले जाहेरी दिएपछि प्रहरीले आरतीका श्रीमान् मोतीबाबु साह र ससुरा मदनमोहन ब्याहुत सुडीलाई पक्राउ गरेको थियो । उनीहरुविरुद्ध १ असारमा जिल्ला अदालत धनुषामा ज्यानसम्बन्धी मुद्दा दायर भएकोमा थुनछेक बहसपछि ५ असारमा जिल्ला अदालतले आरतीका पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो । तर उच्च अदालत जनकपुर धामले उनिहरुलाई रिहा गर्ने आदेश दिएको थियो । उच्च अदालतको सोही आदेशविरुद्ध जिल्ला सरकारी वकिल कार्यलयले गरेको पुनरावेदन निवेदनमा सर्वोच्च अदालतले बुधबार सुनुवाइ गर्दै ससुरा मदनमोहन ब्याहुत सुडीलाई रिहा गर्ने र श्रीमान मोतीबाबुलाई भने थुनामा पठाउने आदेश दिएको हो । आरती र मोतीबाबुबीच २ ९ असार २०७७ मा विवाह भएको थियो ।

# मधेसको क्रिकेट टिमलाई प्रदेश सरकारको सम्मान, पाँच लाख रुपैयाँ पनि दिने




● टक नेपाल

काठमाडौं । केपी ओली कप टी-२० क्रिकेट प्रतियोगितामा ऐतिहासिक जित हासिल गरेको मधेश प्रदेश टोलीका खेलाडी एवम् पदाधिकारी हरुलाई मुख्यमन्त्री सरोजकुमार यादवले सम्मान गरेका छन् । बुधबार मुख्यमन्त्री यादवले खेलकुद विकासको लागि आफू प्रतिवद्ध भएको बताउँदै उनले प्रदेशका खेलाडीलाई सुविधा दिएर हरेक जिल्लामा खेलकुदको सुदृढ पूर्वाधार खडा गरिने जानकारी दिए । सो अवसरमा मुख्यमन्त्री यादवले प्रोत्साहनस्वरुप प्रदेशको विजयी टोलीलाई ५ लाख रुपैयाँ प्रदान गर्ने घोषणा पनि गरे । मुख्यमन्त्री यादव, प्रदेश सभा सदस्य रामाशीष यादव एवं प्रदेशका प्रमुख सचिव दिनेश कुमार घिमिरेले खेलाडी, प्रशिक्षक एवं पदाधिकारीलाई खादा ओढाई सम्मान गरेका थिए । पोखरामा मंसिर १५ गते भएको रोमाञ्चक फाइनलमा मधेस प्रदेशले १० जना राष्ट्रिय खेलाडी सामेल त्रिभुवन आर्मी क्लबलाई ११ रनले पराजित गरेर उपाधि जितेको थियो । नेपाल क्रिकेट संघ क्यान का केन्द्रीय उपाध्यक्ष रोशन सिंहले खेल क्षेत्रलाई उच्च प्राथमिकतामा राख्न मुख्यमन्त्रीसँग आग्रह गरेका थिए ।

# विरोध कार्यक्रमलाई सार्न प्रधानमन्त्रीको आग्रह

● टक नेपाल



जनकपुरधाम । प्रहरी समायोजन र निजामती कर्मचारी ऐन ल्याउन माग गर्दै मधेश प्रदेशले घोषणा गरेको संघर्षका कार्यक्रमलाई केही दिन स्थगित गर्न प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले आग्रह गरेका छन् । मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवसित मंगलवार भएको छलफलमा प्रधानमन्त्री प्रचण्डले केही समयका लागि संघर्षका कार्यक्रमहरु स्थगन गर्न आग्रह गरेका हुन् । प्रदेश सरकारले संघीय सरकारविरुद्ध आन्दोलनको घोषणा गरेको छ । राजधानी केन्द्रित आन्दोलनमा

बाँकी पृष्ठ ३ मा

# जीर्ण घरमा वडा कार्यालय

● टक नेपाल

सर्लाही । सर्लाहीको हरिपुर्वा नगरपालिका-२ को वडा कार्यालय अत्यन्त जीर्ण घरबाट सञ्चालन गर्नु पर्दा सेवा प्रवाहमा समस्या परेको छ। वडाको आफ्नै भवन नहुँदा काठको पुरानो घर भाडामा लिएर वडा कार्यालय सञ्चालन गर्नु परेको हो। झट्ट हेर्दा वडा कार्यालय रहेको घर बेवारिसे जस्तो लाग्छ। कार्यालयमा झुन्ड्याइएको नागरिक बडापत्र धुलोले छपक्कै ढाकेको छ भने पुराना कुर्सी, टेबल जताततै फालिएको देखिन्छ। वडाध्यक्ष दिनेशराय यादवले नगर पालिकामा बजेट चालु नहुँदा वडा कार्यालय भवनबारे केही सोच्न नसकेको बताउनुभयो। “यहाँ दुई सालदेखि राम्रोसँग बजेट चलेको छैन। यो आर्थिक वर्षमा त नगर सभा नै हुन सकेको छैन्,” वडाध्यक्ष रायले गोरखापत्रसँग भन्नुभयो, “बजेट चालु भएपछि कुनै

बाँकी पृष्ठ ३ मा






परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

## अब पूर्व तयारी गर

अब लगभग मंसिर महिना अन्त्यतिर लाग्दैछ। अहिले त तराई मधेसमा पारिलो घाम लागि नै रहेको छ नै तर अब यो पारिलो घाम लामो समयसम्म तराई मधेसका नागरिकहरुले ताप्न पाउने अवस्था हुँदैन ।यो वर्ष पुसमा पनि घाम लागोस् भने पनि यहाँको प्राकृतिक बनोटका आधारमा घाम लाग्ने संभावना कम रहन्छ । तराई मधेसमा विशेष गरी पुस लागेपछि शीतलहर चल्ने गर्दछ । शीतलहरका कारण अनाहकमा नागरिकहरुको ज्यान जाने गर्दछ ।हरेक वर्ष चिसोका कारण यस क्षेत्रमा मानिसहरुले ज्यान गुमाउन परि नै रहेको छ। केही वर्ष अगाडिको तुलनामा चिसोबाट पीडितहरुको संख्या घटे पनि अझै पनि नागरिकहरु शीतलहरबाट ज्यान गुमाउन परेको खबरहरु आउने गर्दछ । आफ्ना नागरिकहरुले ज्यान गुमाउन नपरोस् भनेर स्थानीय सरकारहरु सचेत हुन आवश्यक छ। सचेत मात्रै होइन नीति नै बनाउनु पर्दछ ।अब यसका लागि तयारी थाल्न आवश्यक छ। अब पुस लाग्छ अनि नीति बनाएर हुँदैन । अहिलेबाट नै संघीय सरकारका निकायहरुको समन्वयमा समेत स्थानीय सरकारले नीति बनाए भने चिसोबाट नागरिक हरुले ज्यान गुमाएका खबरहरु आउने थिएनन् । अहिले त घर आँगनमा नै स्थानीय सरकार भएकाले पनि नागरिकहरुलाई पनि सहज छ। स्थानीय सरकार अनि जनप्रतिनिधिहरुलाई बेलैमा घचघच्चाइएको भने पनि चिसोबाट जोगिन सकिन्छ यसका लागि स्थानीयहरु प्नि बेलैममा तात्न आवश्यक छ ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

मनराशिसवा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मनरा, महोत्तरी मधेश प्रदेश ,नेपाल

## सेवा करारमा कर्मचारी भर्ना लिने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८०/०८/२१)**

यस मनरा शिसवा नगरपालिकाको लागि तपसिलमा उल्लेखित पदहरूकोलागि मनरा शिसवा नगरपालिकाको कारारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधी २०७९ को आधारमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुँदा नेपाली नागरिकलाई देहाय बमोजिमको शर्तहरुको अधिनमा रही सूचनामा प्रकाशित भएको मितिले १५ दिन भित्र आवेदन पेश गर्न हुन आह्वान गरिएको छ।

| सि.न. | बिज्ञापन नं | पदको नाम | पद संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | ०७/शिक्षा /२०८०/०८१ | नगर शिक्षक -स्वास्थ्य- शिक्षक (मा.वि.र १०+२ ) | १(एक) | |
| २ | ०८/ शिक्षा /२०८०/०८१ | नगर शिक्षक - सामाजिक- शिक्षक (मा.वि.र १०+२ ) | १(एक) | |
| ३ | ०९/ शिक्षा /२०८०/०८१ | नगर शिक्षक - अर्थशास्त्र- शिक्षक (मा.वि.र १०+२ ) | १(एक) | |
| ४ | १०/ शिक्षा /२०८०/०८१ | नगर शिक्षक - बिज्ञान- शिक्षक (मा.वि.र १०+२ ) | १(एक) | |
| ४ | ११/ शिक्षा /२०८०/०८१ | प्रा.वि.तृतीय -शिक्षक (प्रा.वि) | १० (दश) | |
| ५ | १२/ शिक्षा /२०८०/०८१ | सह-लेखापाल | १(एक) | |

**शर्तहरू:**

१. उमेरको हद सम्बन्धमा दरखास्त दिन पाउने अन्तिम दिन सम्म १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको हुनुपर्ने ।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
३. आवेदकले पालिकाबाट जारि दरखास्त फाराममा सम्पूर्ण विवरण तयार गर्नु पर्ने साथै न्यूनतम शैक्षिक योग्यता तथा अनुभवको प्रमाण-पत्र प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ।
४. स्थानीय तहमा कार्य गरेकोलाई विशेष ग्राहयता दिईनेछ।
५. महिलालाइ विशेष प्राथमिकता दिइनेछ।
६. अर्नृतवार्तामा आउँदा अनिवार्य रुपमा सक्कल प्रमाण-पत्र लिएर उपस्थित हुनुपर्नेछ।
७. आवेदन दिने अन्तिम दिनमा विदा परेमा सो को भोलिपल्ट सम्म आवेदन दिन सकिने छ।
८. पदपूर्ति सम्बन्धी अन्तिम निर्णय लिने अधिकार पालिकामा निहित रहेन छ। यसमा कुनै कतै पुनरावेदन लाग्ने छैन।
९. विदेशी संस्थाबाट अध्ययन गरेको हकमा त्रिभुवन विश्वविद्यालयबाट वा नेपाल सरकारले तोकेको निकायबाट समक्षताको प्रमाण पत्रको प्रतिलिपी समेत पेश गर्नुपर्नेछ।
१०. छनौट प्रक्रिया :- नेपाल शिक्षक सेवा आयोगले सञ्चालन गरेको प्रतियोगितात्मक परीक्षाको अन्तिम नतिजामा वैकल्पिक सूचीमा परेका उम्मेदवारहरुलाई योग्यताक्रम तथा अन्तरवार्ताका आधारमा सोझै छनौट गरी नियुक्ति गरिनेछ। वैकल्पिक सूचीमा परेका उम्मेदवारबाट पदपूर्ति भए पछि बाँकी रहेका पदमा तोकिएको अन्तर्वार्ता र सूचिकरण समितिबाट पालिकाबाट स्विकृत कार्यविधिको दफा (४) को उपदफा (३) बमोजिम उच्चतम अंक प्राप्त गरेका उम्मेदवारलाई प्रारम्भिक छनौट र अन्तर्वार्ता तथा आवश्यकता अनुसार लिखित /प्रयोगातमक परीक्षा समेत लिई सूचिकरणको सिफारिस गरिनेछ।
११. पारिश्रमिक :- पालिकाले तोकेको तथा करार सम्झौतामा उल्लेख भए अनुसारको सेवा सुविधा उपलब्ध गराईनेछ।
१२. परिक्षा दस्तुर :- दस्तुर रु. १०००/- ( एक हजार मात्र ) को नगदी रसिद वा बैंक भौचर निवेदन साथ पेश गर्नु पर्नेछ।
१३. सम्पर्क मिति :- आवेदन दिने अन्तिम मितिको ७ दिन भित्र दिइनेछ।
१४. परिक्षा मिति :- सम्पर्क मितिमा तोकिनेछ।
१५. सेवा अवधिः- क) २०८१ आषाढ मसान्त सम्म र का.स.मु. को आधारमा कार्यालयले म्याद थप गर्न सक्नेछ।
ख ) शिक्षक सेवा आयोगबाट सो पदमा स्थायी पदपूर्ति भई आएमा स्वतः करार सम्झौता भंग हुनेछ।
१६. दरखास्त पाउने स्थान :- यस पालिकाको प्रशासन शाखा तथा पालिकाको वेब साइट।
१७. दरखास्त बुझाउने स्थान :- पालिकाको प्रशासन शाखामा बुझाउनु पर्नेछ।
१८. दरखास्त बुक्काउने अन्तिम मिति :- सूचना प्रकाशन भएको १५ औ दिनको कार्यालय समय भित्र।
१९. योग्यता :-पालिकाले तपशिलमा तोकेको पदका लागि तोकेको योग्यता अनुसार हुनेछ।
क- नगर शिक्षक -स्वास्थ्य,सामाजिक र अर्थशास्त्र को हकमा -मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकोतर उपाधि प्राप्त गरेको हुनु पर्नेछ।
ख- नगर शिक्षक - बिज्ञानको हकमा - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक उपाधि प्राप्त गरेको हुनु पर्नेछ।
ग- प्रा.वि.तृतीय -शिक्षक (प्रा.वि) - मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र वा सो सरह उपाधि प्राप्त गरि कम्तिमा प्रा.वि.स्तरको अध्यापन अनुमति पत्र प्राप्त गरेको हुनु पर्नेछ।
घ- सह-लेखापाल - मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य वा गणित विषय लिई प्रविणता प्रमाणपत्र उपाधि प्राप्त गरेको हुनु पर्नेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। | तुला | आयस्रोत राम्रो हुनाले रकम सञ्चय हुनेछ। |
| बृष | फाइदा मात्र हेर्दा आलोचित भइनेछ। | वृश्चिक | समय केही असहज बन्नाले सामान्य कामलाई पनि धेरै मिहिनेत गर्नुपर्ला। |
| मिथुन | मिहिनेत गर्दा उद्योग र व्यापारमा फाइदा उठाउन सकिनेछ। | धनु | विशेष अवसर प्राप्त हुनाले मन प्रफुल्लित हुनेछ। |
| कर्कट | अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। | मकर | परिबन्धले समस्या निम्त्याउन सक्छ। |
| सिंह | कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। | कुम्भ | व्यवहारमा मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ। |
| कन्या | भैपरी आउने समस्याले फजुल खर्च बढाउन सक्छ। | मीन | अवसर प्राप्त भए पनि फजुल खर्चले समस्या निम्त्याउन सक्छ। |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

# जीर्ण घरमा वडा...

दाताले जग्गा उपलब्ध गराए भने मेरै कार्यकालमा वडा कार्यालय निर्माण गर्ने योजना छ।" जीर्ण घरमा रहेको वडा कार्यालयमा वडा सचिव र वडाध्यक्षलाई भेट्न काठको अप्ठ्यारो भऱ्याङ चढेर माथिल्लो तलामा उक्लिनु पर्छ। वडाध्यक्ष रायले वृद्धवृद्धा र अशक्त सेवा लिन आउँदा आफू नै तल ओर्लिएर काम गर्ने गरेको बताउनुभयो। "भऱ्याङ चढेर सेवा लिन सक्ने माथि उक्लिएरै सेवा लिएर जानुहुन्छ, बुढापाका व्यक्ति काम लिएर आउँदा म आफैँ तल ओर्लिएर सहीछाप गरी पठाउँछु," वडाध्यक्ष रायले भन्नुभयो। यसअघिका वडाध्यक्ष पुरुषोत्तम रायले आफ्नै एक तले कच्ची घरबाट वडा कार्यालय सञ्चालन गर्नुभएको थियो। वर्तमान वडाध्यक्ष रायले आफू आएपछि स्थानीय गणेश साहको कच्ची घर नै भए पनि मासिक १० हजार रुपियाँ भाडा उपलब्ध गराउने सम्झौता गरी वडा कार्यालय भवन स्थापना गरेको बताउनुभयो। माथिको दुई वटा कोठामा वडाध्यक्ष र वडा सचिव बस्ने गरेका छन् भने भुइँ तलामा स्टोरका सामान राखिएको छ। वडा सचिव वृजेश ठाकुरले नगर सभा नभएर बजेट चालु नहुँदा वडा कार्यालय सञ्चालन गर्नै समस्या रहेको गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "वडा कार्यालयको भवन नहुँदा समस्या त छँदै छ, अब त झन् बजेट नभएर वडा कार्यालय नै चलाउन नसक्ने अवस्था आइसक्यो।

# विरोध कार्यक्रमलाई सार्न प्रधानमन्त्रीको...

प्रदेश सरकारका सबै मन्त्री, सबै दलका सभासदहरु, मधेश प्रदेशका प्रतिनिधि सभा सदस्यहरु लगायत मधेश प्रदेशका बासिन्दाहरुको समेत सहभागिता गराउने तयारी गरिएको छ। प्रदेश सरकारले प्रहरी समायोजन र निजामती ऐन नबनाए सशक्त संघर्ष थाल्ने धम्की दिएपछि प्रधानमन्त्री र मुख्यमन्त्रीबीच पहिलो पटक प्रत्यक्ष संवाद भएको छ। मुख्यमन्त्रीले आन्दोलनको कार्यक्रममा हाल कुनै फेर बदल नभएको बताएका छन्। सर्वदलीय सहमतिबाट गरिएको निर्णय परिवर्तन गर्न फेरि बैठक बस्ने उनले बताए। 'आन्दोलनको कार्यक्रमहरुलाई केही दिन स्थगित गर्न प्रधानमन्त्रीज्यूले आग्रह गर्नु भएको छ' उनले भने, उहाँले २३ गते शनिवार थप संवादका लागि काठमाण्डु बोलाउनु भएको छ। संघीय सरकारले पटक-पटक आश्वासन दिए पनि प्रहरी समायोजन र निजामती ऐन ल्याउन सकारात्मक नरहेको सातवटै प्रदेश सरकारको निष्कर्ष छ। मधेश प्रदेशले थाल्ने आन्दोलनमा अन्य ६ प्रदेशले पनि समर्थन जनाउने दाबी मधेश प्रदेशले गरेको छ। प्रधानमन्त्री प्रचण्ड माओवादी केन्द्रको तीन महिने रुपान्तरण अभियानको समीक्षा बैठकमा सहभागी हुन महोत्तरी जिल्लाको गौशालामा मंगलवार आएका थिए।

# गृहमन्त्रीको झूठो आश्वासन...

पप्पु कन्स्ट्रक्शन लुम्बिनी बिल्र्डस जेवीले सुरु गरेको यो पुल निर्माण २०६८ सालदेखि भईरहेको छ। १२ वर्ष पुग्दा पनि पुल निर्माण पूरा भएर यातायात संचालन हुने अवस्थामा छैन्। दुई वर्ष अघि आएको वाढीले निर्माणधीन पुलको पूर्वपट्टी सिरहातर्फको पहिलो पायर भासिएको थियो। त्यसको तीन महिनापछि धनुषापट्टीको अर्को पायर भासिएको छ। जसले गर्दा सहजत आवत जावत हुने र आर्थिक गतिविधिसँगै शैक्षिक गतिवधि पनि वढ्ने अपेक्षामा रहेको धेरैलाई घात भएको छ। सरकारले यस विषयमा छानबिन पनि गरेको छैन् भने दुई वर्षदेखि अलपत्र रहेको छ। पुल अलपत्र हुँदा सिरहाबाट धनुषा र धनुषावाट सिरहा आउजाउ गर्नेलाई लामो र कष्टकर यात्रा गर्नुपर्ने बाध्यता छ। अहिले पुल भासिएको कमला नदीमा बाँसको अस्थायी पुल बनाईएको छ। जोखिम मोलेर बासको अस्थायी पुलबाट ओहोरदोहार गर्नुपर्ने बाध्यता रहेको सिरहा नगरपालिका-६ बसविट्टाका रामचन्द्र यादवले बताएका छन्। महापर्व छठपछि पुल निर्माणको काम अगाडी बढाउने निर्माण कम्पनी लुम्बिनी बिल्र्डसले गरेको घोषणा पनि झूठो साबित भएको छ। लुम्बिनी बिल्र्डसले पछिल्लो समय पुल निर्माणको काम गर्दै आएको थियो। पुल भासिएपछि लुम्बिनी बिल्र्डसले पनि काम रोकेर मौन बसिदियो। जसले गर्दा आर्थिकसँगै समयको क्षति यस क्षेत्रका नागरिकलाई भईरहेको छ।

## दुर्गा प्रसाईंको २० लाखसम्म ऋण मिनाहाको

# हल्लाले बैंकहरू हच्किए : गभर्नर अधिकारी

● टक नेपाल



काठमाडौं। नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले बैंक तथा वितीय संस्थाहरूको निक्षेप चालु आर्थिक वर्षमा १४.९ प्रतिशतले बढेको बताएका छन्। बुधवार प्रतिनिधि सभा अन्तर्गतको अर्थ समिति बैठकमा बोल्दै गभर्नर अधिकारीले यस्तो बताएका हुन्। उनले बैंक तथा वित्तीय क्षेत्रतर्फ गत वर्ष २०७९ असोजमा ५.३ प्रतिशतले बढेको विस्तृत मुद्राप्रदाय २०८० असोजमा १४ प्रतिशतले बढेको बताए। उनले बैंक तथा वितीय संस्थाहरूको निक्षेप गत वर्ष ८.२ प्रतिशतले बढेकोमा चालु वर्ष १४.९ प्रतिशतले बढेको पनि बताए। उनले बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाह भएको कर्जा अघिल्लो आर्थिक वर्षको तीन महिनाको तुलनामा १०९ अर्ब रुपैयाँले बढेको बताए। उनले तरलतामा आएको सुधार र ब्याजदर घट्दै गएकोले कर्जा प्रवाह थप बढ्ने आकलन राष्ट्र बैंकको रहेको बताए। उनले मौद्रिक नीतिको लचकताको कारण बैंकको ब्याजदर निरन्तर रुपमा घटिरहेको बताए। उनले गत वर्ष टेजरी बिलको भारित ब्याजदर १०.१४ प्रतिशत रहेकोमा २०८० असोजमा ४.९४ प्रतिशत रहेको बताए। उनले ९१ दिने टेजरी विलको भारित औसत ब्याजदर थप घटेर २.६२ प्रतिशत रहेको बताए। उनले गत वर्षको तुलनामा अल्पकालिन ब्याजदरहरु घट्दै गएको बताए। उनले बैंकहरुको अन्तर ब्याजदर पनि असोजमा २.२६ प्रतिशत रहेको ब्याजदर थप घटेर १ प्रतिशतको हाराहारीमा रहेको बताए। उनले बैंकहरुको बेस रेट घटेर ९.९४ प्रतिशत भएर एकल अंकमा आएको भन्दै कर्जाको ब्याजदर पनि गत वर्ष माघमा १३ प्रतिशत रहेकोमा अहिले घटेर १२.१ प्रतिशतमा झरेको बताए। गभर्नर अधिकारीले बैंकहरुको निक्षेपको ब्याजदर घटाउँदै ल्याएकाले कर्जाको ब्याजदर पनि थप घट्ने क्रममा रहेको बताए। उनले चालु आर्थिक वर्षमा ४ देखि ५ प्रतिशतको आर्थिक वृद्धि हुने आँकलन गरेको बताए। उनले चालु आर्थिक वर्षमा पर्यटक आगमन र विप्रेषण आप्रवाह उल्लेख्य रूपमा बढेको, ब्याजदर घटि रहेको र कर्जा प्रवाह बढ्न शुरू भएकोले ४ देखि ५ प्रतिशत आर्थिक वृद्धि हुने बताए। उनले उपभोक्ता मूल्यवृद्धिमा सुधार आउने अपेक्षा गरिएको बताए। गभर्नर अधिकारीले देशको आर्थिक स्थितितर्फ आर्थिक वर्ष २०७९/०८० असोजको मूल्यवृद्धि ७.५ प्रतिशत रहेको बताए। उनले वाह्य क्षेत्र थप सुदृढ हुँदै गएको पनि बताए। उनले लामो समयसम्म घटिरहेको आयात २०८० असोज मसान्तसम्म १.७ प्रतिशतले बढेकोमा कार्तिकमा आएर पुनः ३.८ प्रतिशतले र व्यापार घाटा पनि ३.३ प्रतिशतले घटेको बताए। उनले २०८० असोजसम्म विप्रेषण आप्रवाह ३० प्रतिशतले बढेका कारण चालु खाता ५९ अर्ब रुपैयाँले वचतमा रहेको बताए। उनले पर्यटक आगमन सन् २०२२ को १० महिनाको तुलनामा ७१ प्रतिशतले बढेको बताए। उनले वैदेशिक रोजगारीको लागि जाने व्यक्तिहरू अघिल्लो दुई आर्थिक वर्षमा बढेकोमा चालु आर्थिक वर्षको तीन महिनासम्ममा २१ प्रतिशतले घटेको उल्लेख गरे। गभर्नर अधिकारीले राष्ट्र बैंकले वाह्य क्षेत्रको स्थायीत्व,बैंक तथा वित्तीय क्षेत्रमा स्थिरता कायम गर्ने र बजार मूल्य स्थिर राख्ने काममा होसियार पूर्वक काम गरिरहेको बताए। उनले यी तीन विषयमा स्थायित्व दिनेसके मात्रै समग्र अर्थतन्त्रमा स्थायित्व कामय हुने बताए। उनले अर्थतन्त्रका यी तीनवटा विषयमा राम्रो अवस्था रहेको बताए। उनले अर्थतन्त्रमा देखिएका समस्याको सबै जड गभर्नर हो भन्ने पनि आफूले अर्थतन्त्रमा समस्या हुने काम केही नगरेको बताए। उनले निर्माण उद्योगमा आएको समस्याका कारण उद्योग व्यवसाय पूर्ण रुपमा सञ्चालन गर्न नसक्दा कर्जाको मागमा कमी रहेको बताए। उनले बैंकहरुमा कर्जाको माग कमी हुनुमा दुर्गा प्रसाईले २० लाखसम्मको ऋण मिनाह गराई दिने तिर्नुपर्दैन भन्ने आन्दोलनको कारण पनि कर्जा प्रवाहमा बैंकहरु हच्केको बताए। त्यस्तै, नेपाल राष्ट्र बैंकको अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले ब्याजदर एकल अंकमा ल्याउँदा टिकाउन नसकिने बताए। उनले ब्याजदर एकल अंकमा आउनासाथ आयात बढ्ने र यसले सञ्चितिमा दबाब पर्ने दाबी गरे। उनले ब्याजदर एकल अंकमा आउनासाथ अर्कोतर्फ घर जग्गालगायत सम्पतीको मूल्य बढ्ने र यसले अर्थतन्त्रमा नकारात्मक असर पार्ने पनि बताए। उनले नेपाल आन्तरिक उत्पादन कमजोर रहेकाले एकल अंकमा ब्याजदर ल्याउँदा फाइदा नहुने बतए। उनले डिपार्टमेण्ट स्टोर लगायतका ठूला व्यवसायहरू, सञ्चालनमा रहेका खुद्रा व्यवसायहरू समस्या रहेको बताए।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)


हाम्रो सेवाहरू
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
☎ 044-550527/9801050527/9801150527

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ। प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्झनुहोस्।

सुशिल ढकाल
☎ ०४४-५५०६७०, ९८४९७३२९९७
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

# क्यान्सर पीडित हजरा खातुनलाई उपचारमा सहयोग गर्न आग्रह



● टक नेपाल

महोत्तरी । गौशालाका क्यान्सर पीडित हजरा खातुनलाई उपचारमा सहयोग गर्न आग्रह गरेकी छिन् । गौशला नगर पालिका - १० की ४० वर्षीया हजारा खातुन क्यान्सरबाट पीडित हुन् । उनलाई उपचारका लागि आर्थिक अभाव भएपछि सहयोगको लागि सबै मनकारीहरु संग आग्रह गरेकी हुन् । परिवारिक स्रोतका अनुसार खातुनको उपचारमा मेडिकल कलेज भरतपुर, चितवनमा ठूलो रकम खर्च हुने देखिएको र निजको आर्थिक स्थिति कमजोर समेत रहेकोले स्वास्थ लागि आर्थिक सहयोग गरि दिनु हुन् सबैमा हार्दिक अनुरोध गरेका छिन् । 'हाल उनको अवस्था सुधारोन्मुख छ । अहिलेसम्म उपचारमा २ लाख रुपैयाँ खर्च भइसकेको छ, थप उपचारका लागि आर्थिक अभाव भएकाले सहयोग गरिदिनु हुन अनुरोध छ', विरामीका जेठाजु मोहमद हासिमले भने, 'थप १० लाख खर्च हुने भनिएको छ, त्यसैले सहयोगका लागि सबैसँग आग्रह गरेका हौं ।' खातुनलाई सहयोग जुटाउन खातुनको आफ्नै नेपाल बैक लि. गौशाला, महोत्तरी को शाखामा रहेको ९४०११०७५९५३८४००००१ नम्बरको खाता खोलिएको छ । थप जानकारीका लागि विरामीका जेठाजु मोहमद हासिमको मोबाइल नम्बर ९७०२०७६४२८ मा सम्पर्क गर्न परिवारले आग्रह गरेको छ ।

## मधेश प्रदेशमा सेन्सरसहितको

# ट्राइल सेन्टर बन्छ : मुख्यमन्त्री यादव



● टक नेपाल

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले यातायात कार्यालयमा बिचौलिया हावी भएकाले अब सेन्सरसहितको ट्राइल सेन्टर बनाइने बताएका छन् । बुधबार बसेको प्रदेश सभा बैठकमा बोल्दै मुख्यमन्त्री यादवले दिल्लीमा कम्प्युटराईज ट्राइल सेन्टर रहेको भन्दै त्यस्तै किसिमको ट्राइल सेन्टर मधेश प्रदेशमा राख्ने बताए । उनले भने, 'त्यहाँ मानिसलाई केही गर्नै पर्दैन् सबै सेन्सरको मदतले कम्प्युटर बाटै रिजल्ट आउँछ । उनले भारतीय एमबेसीद्वारा कुरा गरेर यातायात मन्त्री र सचिवलाई दिल्ली पठाएको भन्दै त्यहाँबाट आएपछि त्यस्तै ट्राइल सेन्टरको व्यवस्था गर्ने बताए ।

## गृहमन्त्रीको झूठो आश्वासन : सुरु भएन कमला

# नदीमा भाँसिएको पुल निर्माण, नागरिकलाई चरम सास्ती





● टक नेपाल

सिरहा । गृहमन्त्री नारायण काजी श्रेष्ठले भासिएको कमला नदीको पुल निरिक्षण गर्दै तत्काल निर्माणको प्रतिबद्धता प्रकट गरेका थिए । गृहमन्त्री श्रेष्ठको प्रतिवद्धता व्यक्त भएको कयौं महिना वितिसकेको छ । त्यसका बाबजूत भासिएको कमला नदीको पुल निर्माण नै रोकिएको छ । सिरहाको बसविट्टा र धुनषाको सघारा जोड्ने गरी हुलाकी राजमार्ग अन्तर्गत कमला नदीमा पक्क पुल निर्माण सुरु भएको १२ वर्ष पुगेको छ । १२ वर्षमा पनि यो पुल निर्माण पूरा हुन सकेको छैन् । गृहमन्त्री श्रेष्ठ जस्तै मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादव मात्र होईन एकसे एक मन्त्री र नेताहरुले कमला नदीमा भासिएको पक्की पुल निर्माणको खोक्रो आश्वासन मात्र दिएका छन् । उनीहरुले दिएको आश्वासन कहिले पूरा हुने हो, त्यसको कुनै ठेगान छैन् । यस वीच हजारौं नागरिकले सास्ती र यातना खेप्नु परिरहेको छ । कमला नदी पारी अर्थात धनुषाको कमला नगरपालिका, सहिद नगरपालिकाको विभिन्न वडाको मुख्य बजार, शिक्षा आर्जन गर्ने थलोको रुपमा सिरहा सदरमुकाम नै रहेको छ । पुल बन्न नसक्दा त्यस क्षेत्रका विद्यार्थीहरु राम्रो पठनपाठनबाट बञ्चित भईरहेको कमला नगरपालिका-५ का अशोक यादव बताउँछन् । सरकारले उदासिनताले कमला नदीमा पुल निर्माण रोकिएको भन्दै यादवले केन्द्र सरकारले वेवास्ता गरिरहँदा प्रदेश सरकारले पनि आफ्नो नागरिकलाई यातायातको सहजताको निम्त विकल्पमा अगाडी बढ्नुपर्ने बताए । सिरहा सदरमुकामबाट प्रदेशको राजधानी जनकपुरधाम पुग्न हुलाकीराजमार्गबाट ३२ किलोमीटर मात्र लाग्छ । पुल निर्माण हुन नसक्दा चारपाङे सवारीसाधन पूर्वपश्चिम राजमार्ग भएर ९० किलो मीटरको यात्रा गरी जनकपुर धाम पुग्नुपर्ने बाध्यता रहेको सिरहाका नागरिक अगुवा रामकिशोर यादवले बताए । पुल निर्माण समयमै भईदिदा यात्रा दुरी घट्ने, समय कम लाग्ने र आर्थिक नोक्सानी पनि कम हुने उनको विश्लेषण छ ।

बाँकी पृष्ठ ३ मा

# बारामा यस वर्ष धान उत्पादनमा कमी आउने



● टक नेपाल

बारा । बारामा खडेरीको कारण यस वर्ष बारामा धानको उत्पादकत्वमा कमी आउने कृषि ज्ञान केन्द्र बाराले जनाएको छ। जिल्लामा किसानले कुल एक लाख ३९ हजार आठ सय ९२ मेट्रिक टन अगहनी धान उत्पादन गरेको कृषि ज्ञान केन्द्रका प्रमुख जितेन्द्र यादवले जानकारी दिए । आर्थिक वर्ष २०८०/८१ मा बाराका किसानले विभिन्न जातका अगहनी धान ३४ हजार एक सय १० हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर चार दशमलव एक मेट्रिक टनले कुल एक लाख ३९ हजार आठ सय ९२ मेट्रिक टन धान उत्पादन भएको केन्द्रका बाली संरक्षण अधिकृत राजनारायणप्रसाद साहले बताए। खडेरीले गत वर्षको तुलनामा यस वर्ष तीन हजार तीन सय ९१ मेट्रिक टन कमी भएको केन्द्रका कृषि प्रचार अधिकृत रामजीवन ठाकुरले भने। उत्पादित धान कलैया बजारमा प्रतिक्विन्टल तीन हजार चार सयमा बिक्री भइरहेको उपभोक्ताले जनाएका छन् । जिल्लामा करिब रु चार अर्ब ९६ करोड मूल्यबराबरको एक लाख ३९ हजार आठ सय ९२ मेट्रिक टन धान उत्पादन भएको उनले जानकार दिए। गत वर्ष अगहनी धान ३४ हजार एक सय १५ हेक्टर क्षेत्रफलमा गरिएकामा त्यसबाट प्रतिहेक्टर चार दशमलव दुई मेट्रिक टनले एक लाख ४३ हजार दुई सय ८३ मेट्रिक टन उत्पादन भएको थियो। रासस

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
- CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE


Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com